**फक्ताङलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तापेथोक, ताप्लेजुङ**
**१ नं. प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ६ मितिः २०७९/११/१०

**भाग-२**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम फक्ताङलुङ गाउँपालिकाले बनाएको तले लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०५/२०**

## फक्ताङलुङ गाउँपालिकाको एक्साभेटर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना

फक्ताङलुङ गाउँ कार्यपालिकाको कार्यालयमा रहेको एक्साभेटर मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा व्यवस्थापन गर्न तथा उक्त उपकरण स-शुल्क भाडामा वा अन्य प्रयोजनका लागि उपलब्ध गराउन कार्यविधि बनाई लागू गर्न वाञ्छनीय देखिएकोले फक्ताङलुङ गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास कार्यक्रमहरु, संघसंस्था, नेपाल सरकारद्धारा सन्चालित आयोजनाहरु, दातृ निकायबाट सन्चालित बिकास आयोजना तथा कार्यक्रमहरु लगायत छिमेकी गाउँपालिका तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पूर्वाधारका कार्यहरुमा माग भई आए अनुसार प्राथमिकताको आधारमा प्रयोगमा पठाउन तथा उपकरण सन्चालन गर्नका लागि यस कार्यालयसँग रहेको एक्साभेटर सञ्चालन तथा व्यवस्थापन गर्न देहायका शर्त बमोजिम गर्न गराउने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम फक्ताङलुङ गाउँ कार्यपालिकाको मिति २०७९/०५/२० गतेको बैठकबाट स्विकृत गरी कार्यविधि कार्यान्वयनमा ल्याइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"फक्ताङलुङ गाउँपालिकाको एक्साभेटर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९"** रहेको छ । यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

क) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) **'नियमावली'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ ।

ग) **'गाउँपालिका'** भन्नाले फक्ताङलुङ गाउँपालिकालाई सम्झनु पर्दछ । सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ ।

घ) **'गाउँसभा'** भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ङ) **'अध्यक्ष'** भन्नाले फक्ताङलुङ गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

च) **'उपाध्यक्ष'** भन्नाले फक्ताङलुङ गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

छ) **'गाउँ कार्यपालिका'** भन्नाले फक्ताङलुङ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) **'कार्यालय'** भन्नाले फक्ताङलुङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

झ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले फक्ताङलुङ गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ञ) **'इन्जिनियर'** भन्नाले फक्ताङलुङ गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ । सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ ।

ट) **'प्रयोगकर्ता'** भन्नाले एक्साभेटर सञ्चालनका लागि लिई जाने संघ, संस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ ।

ठ) **'भाँडा'** भन्नाले एक्साभेटर भाँडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ ।

ड) **'बिल'** भन्नाले एक्साभेटर सञ्चालन गरेको अपरेसन लगसिटको आधारमा कार्यालयले भाडा वापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल सम्बन्धि बिललाई सम्झनु पर्दछ ।

ढ) **'अपरेटर'** भन्नाले एक्साभेटर सञ्चालन गर्नका लागि नियुक्त भएर खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ ।

**३. सञ्चालन विधिः**

(१) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरु वाहेक मेशिन भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई भाडामा उपलब्ध गराउन सकिनेछैन।

(२) एक्साभेटर प्रयोगमा ल्याउनकालागि देहायका प्रकृया पुरा गर्नुपर्ने छ।

(क)मेशिन प्रयोग गरे बापत अपरेटर तथा सहायक को भत्ता दर प्रति घण्टा, प्रति सिफ्ट, प्रति दिनको शुल्क निर्धारण **अनुसूची-१** मा तोकिए  बमोजिम हुनेछ ।

(ख) मेशिन खटिई गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख **अनुसूची-२** बमोजिमको फाराममा भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

**४. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्थाः**

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ । इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण मेशिन अपरेटरले तयार गरी इन्जिनियरको सिफारिसमा कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(ख) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालय  जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ ।

(ग) मेशिन बिग्रीएमा बिग्रीएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ ।

**५. सञ्चालन शुल्कः**

(१) गाउँपालिकाले आफ्नो आर्थिक ऐनमा उल्लेख गरी पारित गरेर सञ्चालन शुल्क तोक्नेछ।त्यसो नभएको खण्डमा गाउँपालिकाले बार्षिक स्थानीय दररेट पनि सञ्चालन शुल्क तोक्न सक्नेछ ।

(२) कुनै व्यक्ति वा संघ संस्थालाई यान्त्रिक उपकरण प्रयोग गर्न दिइने छैन।

**६. कर्मचारी व्यवस्था**

(क) एक्साभेटर सञ्चालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ ।

(ख)करार मा नियुक्त कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**७. सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) गाउँ कार्यपालिकाका एक्साभेटरहरुको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपशिल बमिजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) इन्जिनियर | - सदस्य |
| (घ) योजना शाखा प्रमुख | - सदस्य |
| (ङ) जिन्सी शाखा/फाँट प्रमुख | - सदस्य-सचिव |

**८. यसै बमोजिम मानिनेः**

(१) यस कार्यविधि जारी हुनुभन्दा पहिले भएका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ । बक्यौता वा हिसाब किताब गर्न बाँकी रहेको भए यस कार्यविधि भन्दा न्यून हुने गरी हिसाब मिलान गर्न पाइने छैन।

**९. विविधः**

(क) गाउँपालिकामा रहेका एक्साभेटरहरु कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन्। एक्साभेटरहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्न पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ ।

(ख) एक्साभेटरको माइल मिटर लगायतका आधारभूत कार्य तथा सो सँग सम्बन्धित जानकारी अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ग) मेशिन फिल्डमा खटाउने वा नखटाउने विषयमा आवश्यक परेको खण्डमा अपरेटर र इन्जिनियरको राय लिन सकिनेछ ।

(घ) यस कार्यविधिमा समयानुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय समेतको आधारमा गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा २ (क) सँग सम्बन्धित)

क. (१) एक्साभेटर अपरेटर तथा सहायकको भत्ता दरः

| क्र. सं. | पद | मासिक तलव रु. | भत्ता (प्रति घण्टा) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | एक्साभेटर अपरेटर | ३०,०००।- | १०० | |
| २ | एक्साभेटर सहायक | १०,०००।- | ५० | |

**नोटः माथि उल्लेखित तलब भत्ता भन्दा फरक तलब भत्ता उपलब्ध गराउन मनाशिव देखिएमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार परिवर्तन गर्न सकिने छ ।**

## अनुसूची-२

(दफा ३ को उपदफा २ (ख) सँग सम्बन्धित)

कार्यालयको निर्णयानुसार कार्यालयबाट छुटे देखि कार्य क्षेत्राबाट फर्कदासम्म एक्साभेटर चलेको मिटर बुक

| **क.सं.** | **कामको विवरण** | **मिति** | **मेशिन चलेको अवधि** | | **मिटर रेकर्ड** | | **कि.मि.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

आज्ञाले

नवीन तेम्बे

प्रमुख प्रशासकीय अधिकृत